नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय संघीयता समन्वय महाशाखा)

नेपाल सरकार अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- २०७६/७७
च. नं.:- २६२

मिति : २०७७/२/८

विषयः आर्थिक वर्ष २०७७/७८ को वित्तीय समानीकरण अनुदानको संशोधित अनुमानित सीमा।

श्री सबै स्थानीय तह।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा २ बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ मा त्यस प्रदेशले प्राप्त गर्ने राजस्व बाँडफाँट वापतको रकम र वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/१/२ र यस मन्त्रालयको मिति २०७७/१/७ (मा. मन्त्रीस्तर) को निर्णयानुसार च.नं. ७५० मिति २०७७/१/८ को पत्रबाट उपलब्ध गराइएको थियो।

कोभिड-१९ ले सृजना गरेको मानवीय, स्वास्थ्य र आर्थिक क्षेत्रका समस्या समाधानार्थ उपलब्ध स्रोतको पुनःप्राथमिकीकरण गर्नु पर्नाको साथै राजस्व र खर्चको अनुमान गर्दाका बखत कायम रहेको परिस्थितिमा परेको प्रतिकूल असरले गर्दा खर्च कटौती गर्नुपर्ने भएको छ। तसर्थ, यसअघि उपलब्ध गराइएको वित्तीय समानीकरण अनुदान उपयोग सम्बन्धी आधार र मापदण्डका आधारमा नै खर्च गर्ने गरी नेपाल सरकार (मं.प.) को मिति २०७७/२/५ को निर्णयानुसार वित्तीय समानीकरण अनुदानको सीमा संशोधन गरिएको व्यहोरा अनुरोध गर्दछु।

नोटः त्यस पालिकाले आर्थिक वर्ष २०७७/७८ मा प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको संशोधित अनुमानित सीमा Sub-National Treasury Regulatory Application (SuTRA) मा प्रविष्टी गरिएको व्यहोरा अनुरोध छ।

सुवोध खतिवडा
(उप-सचिव)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.हृ.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np